# सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नाम :- पूर्वाधार विकास कार्यालय, तनहुँ

सूचना सार्वजनिक गरेको अवधि :- २०८२ असार  मसान्तसम्म

## १. नियकायको स्वरुप र प्रकृति :-

नेपालको संविधान २०७२ को भाग ५ धारा ५६ बमोजिम गण्डकी प्रदेश स्थापना भई ऐ. संविधानको धारा ५७ र अनुसूची ६ ले दिएको अधिकारको प्रयोग गर्नका लागि २०७४ माघ २८ गते भौतिक पूर्वाधार विकास मन्त्रालय (हाल भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय) स्थापना भएपछि विषयगत कार्यालयहरु स्थापना गरी कार्यसम्पादन गर्दै जाने क्रममा  गण्डकी प्रदेश सरकारले आफ्नो प्रदेशका प्रत्येक जिल्लामा पूर्वाधार विकास कार्यालयको स्थापना गर्ने निर्णय भए बमोजिम यस पूर्वाधार विकास कार्यालय तनहुँको मिति २०७७/०५/०७  गतेका दिनमा स्थापना भएको हो । यस कार्यालयले मुख्य गरी प्रदेश सरकार अन्तर्गतका सडक, मोटरेवल तथा झोलुङ्गे पुल,  भवन निर्माण सम्बन्धी कार्य गर्दछ । यस कार्यालयको स्थापनासँगै पूर्वाधार निर्माण सम्बन्धी विभिन्न कार्यको लागि तनहुँ जिल्लाका नागरिकलाई नवलपुर जानुपर्ने अवस्थाको अन्त्य भएको छ । जसको कारण नागरिकले सहजता महशुस गर्ने गरेका छन् । कार्यालयको स्थापनाका क्रममा यातायात व्यवस्था कार्यालय डुम्रे समेत यसै कार्यालय मातहत रहने गरी यातायात शाखाको रुपमा रहेकोमा पुनः आ.व. 2079/80 बाट उक्त शाखा यातायात व्यवस्था कार्यालयको नाउँमा छुट्टै संगठनको रुपमा रहेको छ ।

जिल्ला भित्रका सडक, सडक पुल, झोलुङ्गे पुल निर्माण सम्वन्धी निर्माण कार्य यस कार्यालयको प्रमुख उद्देश्य हो ।

## २. नियकायको काम, कर्तव्य र अधिकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गण्डकी प्रदेश पोखराको निर्णयअनुसार भौतिक पूर्वाधार विकास मन्त्रालय,गण्डकी प्रदेशको संगठन र व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी तनहुँ जिल्लामा स्थापना भएको यस पूर्वाधार विकास कार्यालय तनहुँ मिति २०७७/०५/०७ गतेका दिनबाट विधिवत रुपमा संचालनमा आएको हो । भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयबाट अख्तियारी र निर्देशन भए अनुसार विभिन्न कार्यक्रमको कार्यान्वय गर्नु यस कार्यालयको काम र कर्तव्य हो । तनहुँ जिल्ला  भित्रका १०  वटा स्थानीय तहहरु कार्यक्षेत्र भएको यस कार्यालयले विशेष गरी जिल्लामा मोटरबाटो, मोटरेवल पुल र झोलुङ्गे पुल निर्माण सम्वन्धी कार्य गर्ने गर्दछ । यसका साथै साविकका शहरी विकास तथा भवन कार्यालयले सम्पादन गर्दै आएको भवन निर्माण  तथा मर्मत र जनता आवास लगायतका आवास ईकाईहरु जस्ता निर्माण कार्यलाई समेत निरन्तरता दिने कार्यालयको उद्देश्य हो । पूर्वाधार विकास कार्यालय, तनहुँ, व्यास नगरपालिका वडा नं. ३  स्थित दमौलिमा अवस्थित छ ।

नेपाल सरकार र गण्डकी प्रदेश सरकारद्धारा निर्मित विभिन्न कानूनले यस कार्यालयको अधिकारलाई परिभाषित गरेका छन् ।

## ३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

क. कार्यालयको स्वीकृत दरवन्दी तलको तालिका प्रस्तुत गरिएको छ।

| क्र.स | पद | सेवा | समूह | उप समूह | तह/श्रेणी | दरवन्दी | पदपूर्ति | | | रिक्त |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | स्थायी | करार | जम्मा | |
| १ | सि.डि.ई | ईन्जिनिरिङ | सिभिल | जनरल | नवौं/ दशौं | १ | १ | - | १ | |
| २ | लेखा अधिकृत | प्रशासन | लेखा | | सातौ/आठौं | १ | १ | - | १ | - |
| ३ | ईन्जिनयर | ईन्जिनिरिङ | सिभिल | जनरल | सातौ/आठौं | ४ | २ | - | २ | २ |
| ४ | ईन्जिनयर | ईन्जिनिरिङ | सिभिल | वि.आर्क | सातौ/आठौं | १ | १ | - | १ | |
| ५ | अधिकृत/सहायक | प्रशासन | सा.प्र | | पाचौं/ छैठौ | १ | १ | - | १ | - |
| ६ | सव-ईन्जिनयर | ईन्जिनिरिङ | सिभिल | जनरल | पाचौं/ छैठौ | ५ | ३ | - | ३ | २ |
| ७ | सव -ईन्जिनयर | ईन्जिनिरिङ | सिभिल | वि.आर्क | पाचौं/ छैठौ | १ | - | - | - | १ |
| ८ | ल्याव-टेक्निसियन | ईन्जिनिरिङ | सिभिल | जनरल | पाचौं/ छैठौ | १ | - | - | - | १ |
| ९ | सवारीचालक | प्रशासन | सा.प्र | | | १ | १ | | १ | |
| १० | कार्यालय सहयोगी | प्रशासन | सा.प्र | | | २ | - | २ | २ | |
| जम्मा | | | | | | १८ | १० | २ | १२ | ६ |

ख. हाल कार्यालयमा कार्यरत कर्मचारीहरु

| सि.नं. | कर्मचारीको नाम थर | पद /तह | स्थायी ठेगाना | मोवाईल नं. |
|---|---|---|---|---|
| स्थायी कर्मचारी | | | | |
| १ | रविन्द्र तिवारी | सिई.डि. | फलेवास नगरपालिका ४ , पर्वत | ९८५६०६३३७० |
| २ | सूर्य प्रसाद अधिकारी | लेखा अधिकृत/ अधिकृतस्तर आठौ | पोखरा -३३, कास्की | ९८५६००४८४१ |
| ३ | शुष्मा पाण्डे | इन्जिनियर/ अधिकृतस्तर आठौ | काठमाण्डौ म.न.पा, १६, काठमाण्डौ | ९८५६०६४२३३ |
| ४ | किरण श्रेष्ठ | इन्जिनियर/ अधिकृतस्तर सातौ | मध्यपुर ठिमी-०४ भक्तपुर | ९८४३१८१५६७ |
| ५ | खुशीलाल राय | इन्जिनियर/ अधिकृतस्तर सातौ | कविलासी-०३, सर्लाही | ९८४६२६७११७ |
| ६ | हरि प्रसाद लामिछाने | प्रशाशन शाखा /अधिकृत छैटौं | शुक्ला०८, तनहुँ | ९८४३८२०९४८ |
| ७ | राजेश पौडेल | सव-ईन्जिनियर /अधिकृत छैटौं | स्याङ्जा | ९८५६०४२४९१ |
| ८ | होमनाथ गौतम | सव-ईन्जिनियर /अधिकृत छैटौं | व्यास, तनहुँ | ९८४६५४१३०८ |
| ९ | सुविज्ञा पराजुली | सव-ईन्जिनियर/सहायक पाचौं | हेटौडा, मकवानपुर | ९८६३४८६२५२ |
| १० | कृष्ण भण्डारी | हलुका सवारी चालक | तनहुँ | ९८४६०७५७११ |
| करार कर्मचारी | | | | |
| १ | कमला बाराकोटी | कार्यालयक सहयोगी | पालुंगटार -०६ गोरखा | ९८४६७९७९८२ |
| २ | दिनेश सुबेदी | कार्यालयक सहयोगी | फलेवास नगरपालिका ०९ , पर्वत | ९८६७३५९३०० |

# ४. नागरिक वडापत्र

| क्र.सं. | सुविधा/मागको विषय/ किसिम | सेवाग्राहीले पुर्याउनपर्ने प्रक्रिया/पेश गर्नुपर्ने कागजात/प्रमाणहरु | जिम्मेवार निकाय/शाखा/कर्मचारी | सेवा प्राप्त गर्न लाग्ने दस्तुर | सेवा प्राप्त गर्न लाग्ने समय | उजुरी सुन्ने पदाधिकारी निकाय |
|---|---|---|---|---|---|---|
| 1 | सडक तथा सडक पुलका नयाँ आयोजनाको माग | - उपभोक्ताले आवश्यक पर्ने आयोजनाको सम्पूर्ण विवरण खुलाई तोकिएको फाराम भरी पेश गर्ने<br>- सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र | योजना शाखा/ प्राविधिक शाखा | नि:शुल्क | स्वीकृत भएको १ वर्ष | कार्यालय प्रमुख |
| 2 | सडक, सडक पुल आयोजनाको मर्मत माग | - उपभोक्ताको निवेदन<br>- सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र | योजना शाखा /प्राविधिक शाखा | | स्वीकृत भएको १ वर्ष | कार्यालय प्रमुख |
| 3 | सडक तथा पुल आयोजनाको सम्भाव्यता अध्ययन | - माग भै आएका आयोजनाहरुको प्राथमिकता आधारमा गरिने<br>- उपभोक्ताको निवेदन<br>- सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र<br>- उपभोक्ताले फिल्ड अध्ययन कार्यमा आवश्यक सहयोग गर्ने | योजना शाखा/ प्राविधिक शाखा | | स्वीकृत भएको २ महिना | कार्यालय प्रमुख |
| 4 | आयोजनाहरुको विस्तृत सर्वेक्षण (DPR तयारी IEE/EIA, RP, GES) | - प्रक्रियाद्धारा छनौट भैसकेपछि मात्र विस्तृत अध्ययन गरिने छ<br>- फिल्ड अध्ययन कार्यमा उपभोक्ताले आवश्यक सहयोग गर्ने | योजना शाखा/ प्राविधिक शाखा | | ३ महिना | कार्यालय प्रमुख |
| 5 | खरिद प्रक्रिया | - कार्यालयले तोकेको आवश्यक कागजातहरु पेश गर्नेपर्ने | योजना शाखा/ प्राविधिक शाखा | | ९० देखी १२० दिन | कार्यालय प्रमुख |
| 6 | आयोजनाको निर्माण कार्यको सम्झौता | - निर्माण कम्पनि निवेदन<br>कार्य सम्पादन जमानात<br>- उपभोक्ता समितिको हकमा समितले १० देखी २० % जनश्रमदान गर्ने प्रतिवद्धता सहितका निर्णयको प्रतिलिपी, निवेदन,सम्वन्धि वडा कार्यालयको सिफारिस पत्र | योजना शाखा/ प्राविधिक शाखा | | १५ दिन भित्र | कार्यालय प्रमुख |
| 7 | बैक खाता सिफारिस | - उपभोक्ता समितिको निर्णयको प्रतिलिपि<br>- समितिको पदाधिकारीहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-1 र फोटो -2 प्रति | योजना शाखा /प्रशासन शाखा | | १ दिन | कार्यालय प्रमुख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - सम्वन्धित बैकको खाता खोल्ने फाराम | | | | |
| 8 | आयोजनाको निर्माण कार्य | - उपभोक्ता समितिले प्रदेश सरकारले तोके बमोजिमको जनश्रमदान अनिवार्य जुटाउनुपर्ने छ<br>- आयोजनाको संरचना निर्माणको लागी जग्गा निशुल्क उपलब्ध गराउनुपर्ने<br>- निर्माण कम्पनी, उपभोक्ता समितिले तोकिएको गुणस्तर बमोजिम निर्माण कार्य गर्नुपर्ने | ईन्जिनियर/प्राविधिक शाखा | | सम्झौतामा उल्लेख भए अनुसार | कार्यालय प्रमुख |
| 9 | निर्माण मर्मत सुधार | - निर्माण कार्य सकिएको १ वर्ष सम्म निर्माण कम्पनीले नै मर्मत सुधार गर्नुपर्ने | ईन्जिनियर/प्राविधिक शाखा | | १ वर्ष | कार्यालय प्रमुख |
| 10 | आयोजनाको निर्माण संचालन सम्वन्धमा प्राविधिक सहयोग | - निर्माण कम्पनी/उपभोक्ता समितिको निवेदन राय आवश्यक विवरण | ईन्जिनियर/प्राविधिक शाखा | | तुरुन्तै | कार्यालय प्रमुख |
| 11 | आयोजना अनुगमन/निरीक्षण सुपरीवेक्षण | - कार्यालयको निर्देशन पालना गर्नुपर्ने<br>- निर्माण व्यवसायी/उपभोक्ता समितिले कामको विवरण पेश गर्ने | कार्यालय प्रमुख/योजना शाखा/इन्जिनियर/प्राविधिक शाखा | | निरन्तर | कार्यालय प्रमुख |
| 12 | बिल भुक्तानी | - परामर्शदाता/निर्माण व्यवसायी/उपभोक्ता समितिको निवेदन/निर्णय पेश गर्नुपर्ने<br>- सामाग्रीको खर्चको विवरण पेश गर्नुपर्ने<br>- नापी किताब, बिल, कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने<br>- बैक खाताको विवरण पेश गर्नुपर्ने<br>- निर्माण व्यवसायी/उपभोक्ता समितिले कार्यालयको निर्देशन पालना गर्नुपर्ने | योजना शाखा/इन्जिनियर/प्राविधिक शाखा/जिन्सी र आर्थिक प्रशासन शाखा | | बिल प्राप्त भएको १ महिना भित्र | कार्यालय प्रमुख |
| 13 | आयोजनाको हस्तान्तरण | आयोजना सम्पन्न हुनसाथ आयोजनाको स्वामित्व उपभोक्तामा हस्तान्तरण हुने | | | आयोजना सम्पन्न भएको १ महिना भित्र | कार्यालय प्रमुख |
| 14 | धरौटी फुकुवा | - करचुक्ता प्रमाण पत्र<br>- मु.अ.क. समायोजन पत्र<br>- प्राविधिकको सिफारिस | योजना शाखा/इन्जिनियर/प्राविधिक शाखा र आर्थिक प्रशासन शाखा | | निवेदन पेश भएको १ महिना भित्र | कार्यालय प्रमुख |

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

खण्ड ४ मा उल्लेख गरे अनुसार

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

खण्ड ४ मा उल्लेख गरे अनुसार

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकार

यस कार्यालयको काम कारवाहीको विषयमा निर्णय गर्ने अधिकार कार्यालय प्रमुखसँग रहेको छ।

## ८. निर्णय उपर उजुरी सन्ने अधिकारी

उजुरी सुन्ने अधिकारी – कार्यालय प्रमुख

सो पदमा हाल कार्यरत व्यक्ति –श्री रविन्द्र तिवारी (कार्यालय प्रमुख)

## ९. सम्पादन गरेको कामको विवरण

आ.व.२०८१/८२ को वार्षिक कार्यक्रममा परि अख्तियारी प्राप्त भएका कार्यक्रमहरुको निर्माण व्यवसायी/उपभोक्ता समिति मार्फत कार्यान्वयन भएको ।

## १०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

क) कार्यालय प्रमुख :- श्री रविन्द्र तिवारी (कार्यालय प्रमुख)

ख) सूचना अधिकारी – श्री शुष्मा पाण्डे, इन्जिनियर

## ११. ऐन, नियम, विनियम वा निर्देशिलकाको सूची

क) सार्वजनिक खरिद ऐन, २०६३

ख) सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित)

ग) सार्वजनिक खरिद सम्वन्धी प्रदेश नियमावली, २०७६

घ) Standard Specification for Construction of Road & Bridge Work, 2073 (With Amendment 2075) published by Department of Roads, Government of Nepal (Latest Revision)

ङ) Norms for Rate Analysis of Road & Bridge Works, 2075 published by Department of Roads, Government of Nepal (Latest Revision)

च) Norms for Rate Analysis published by Department of Urban Development and Building Construction, Government of Nepal (Latest Revision)

छ) प्रदेश सुशासन ऐन, २०७६

ज) प्रदेश सुशासन नियमावली, २०७७

झ) जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

ञ) सडक तथा सडक पुल वर्गीकरणको मापदण्ड

ट) वातावरण संरक्षण ऐन, २०७६

ठ) वातावरण संरक्षण नियमावली, २०७७

ड) गण्डकी प्रदेश वातावरण संरक्षण ऐन, २०७६

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्वन्धी अद्यावधिक विवरण

२०८१ श्रावण देखी २०८२ असार  मसान्तसम्म यस कार्यालयलाई प्राप्त अख्तियारी एवं खर्च तलको तालिकामा प्रस्तुत गरिएको छ।

रकम रु हजारमा

| क्र.सं | बजेटको किसिम | विनियोजित बजेट | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | 19928 | 13289 | 66.68 |
| २ | पूँजीगत (प्रदेश) | 1397831 | 1190994 | 85.2 |
| 3 | पूँजीगत (संघ) | 11500 | - | - |
|  | जम्मा | **1429259** | **1204283** | **84.24** |

१४. अधिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण ।

क.बिनियोजन रकमका आधारमा आयोजनाको बर्गिकरण:

| क्र.स | बजेट आकार अनुसार | संख्या |
|---|---|---|
| १ | १० लाख सम्मका योजनाहरु | १६ |
| २ | १० देखी २० लाख सम्मका योजनाहरु | ५३ |
| ३ | २० लाख देखी २ करोड सम्मका योजनाहरु | ९६ |
| ४ | २ देखी ५ करोड सम्मका योजनाहरु | १० |
| ५ | ५ करोड माथीका योजनाहरु | ४ |
| | कुल संख्या | १७९ |

ख. स्थानीय तह अनुसार :

| क्र.स. | पालिका अनुसार | ठेक्का |
|---|---|---|
| १ | शुक्लागण्डकी न.पा | ३४ |
| २ | म्याग्दे गा.पा | १२ |
| ३ | भिमाद न.पा | २६ |
| ४ | रिषिंग गा.पा | ३ |
| ५ | ब्यास न.पा | ३८ |
| ६ | बन्दीपुर गा.पा | १३ |
| ७ | आबुखैरेनी गा.पा | १२ |
| ८ | भानु न,पा | ३० |
| ९ | देवघाट गा.पा | ५ |
| १० | घिरिंग गा.पा. | ६ |
| | जम्मा | १७९ |

**ग. पूर्वाधार विकास कार्यालय, तनहुँको भौतिक प्रगति (सडक, पुल, झो.पु. र भवनसँग सम्बन्धित)**

| क्षेत्र | सूचक | ईकाई | आ.व. २०८१/८२ को लक्ष्य | आ.व. २०८१/८२ मा सम्पन्न परिमाण |
|---|---|---|---|---|
| सडक | माटे / कच्ची सडक | कि.मि. | 2 | 1.7 |
| | ग्राभेल सडक | कि.मि. | 10 | 7.4 |
| | कालोपत्रे / आर.सि.सि. / पि.सि.सि. सडक | कि.मि. | 45 | 38 |
| | चौडाइ विस्तार | कि.मि. | 45 | 41.9 |
| | नाली निर्माण | कि.मि. | 50 | 45.6 |
| | टेवा पर्खाल निर्माण | घ.मि. | 55000 | 53613 |
| | कजवे / कल्भर्ट निर्माण | वटा | 10 | 7 |
| | मर्मत सम्भार (बृहत् / नियमित) | कि.मि. | 15 | 9 |
| झो. पुल | पुल | वटा | 0 | 0 |
| सडक पुल | पुल | वटा | 4 | 3 |
| भवन | भवन | वटा | 1 | 1 |
| | रोजगार दिन | सङ्ख्या | | |

घ . आ.ब. ०८१/०८२ मा सम्पन्न भएका बहुबर्सिय योजनाहरूको विवरण (रु. ५ करोड भन्दा माथि)

| सि.नं | योजनाको नाम, ठेगाना | सम्झौता रकम | सम्झौता मिति | सम्पन्न मिति | कैफियत |
|---|---|---|---|---|---|
| | **सडक तर्फ** | | | | |
| १ | Upgrading of Manung-Kilchowk-Ghumti-Harkapur-Bhimad (Ranitari Ghumti Section) | 366,291,054.01 | 2080-02-09 | 2081-11-09 | |
| २ | Upgrading of Manpur Dedgaun Bulingtar Road | 260,157,923.81 | 2076-11-07 | 2081-09-06 | |
| ३ | Upgrading of Saligram Corridor Lokmarg (Second Section) | 176,933,301.00 | 2078-04-26 | 2081-08-30 | |
| | **सडक पुल** | | | | |
| १ | Kyangdi khola bridge (Bhimad 8 and Suklagandaki 10) Piple | 55,792,866.88 | 2080-07-17 | 2082-02-20 | |
| | | | | | |

**आ.ब. ०८१/०८२ मा सम्पन्न भएका सालबसाली योजनाहरूको विवरण**

| सि.नं | योजनाको किसिम | योजना संख्या | सम्पन्न योजना संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | सडक | ९१ | ८२ | |
| २ | सडक मर्मत | ५ | ५ | |
| ३ | झो.पू मर्मत | १ | १ | |
| ४ | भवन निर्माण/मर्मत | ४ | ४ | |